# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, ३ नं. प्रदेश, नेपाल ।

## BHARATPUR METROPOLITAN CITY
### Office of Municipal Executive
Bharatpur, Chitwan, Nepal

प.सं. ०७४/७५
च.नं. 8232

मिति २०७५/३/१७

भरतपुर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय भरतपुर, चितवन २०७३

श्री वडा कार्यालय(सवै),
भरतपुर महानगरपालिका ।

विषय : विवरण सम्वन्धमा ।

जिल्ला प्रशासन कार्यालय चितवनको प.सं. ०७४/७५ च.नं. ८३९० मिति २०७५/३/११ गतेको पत्र यसै साथ संलग्न राखी पठाईएको छ । सोही वमोजिम नागरिकताको सिफारीस गर्नु हुन जानकारी गराईन्छ ।

............ 075/3/17

रोम बहादुर महत

शाखा अधिकृत

शाखा अधिकृत

056-520167, 521467, 530062, 526951, 522252, 525771 Fax: 056-520014
E-mail: bmc@ntc.net.np / Website: bharatpurmun.gov.np
(मन्त्रि परिषद्बाट महानगरपालिका घोषणा मिति फाल्गुन २७, २०७३)

Scanned by CamScanner

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
चितवन

☎ ०५६-५२०१०५
०५६-५२०११
०५६-५२११८
Fax:०५६-५२०७४८

पं.सं. ०७४/०७५
च.नं.- ८३४०

मितिः- २०७५।३।११

विषयः- नागरिकता सिफारिस सम्बन्धमा ।

श्री भरतपुर महानगरपालिका कार्यालय
चितवन

उपर्युक्त विषयमा कतिपय वडा कार्यालयहरुबाट नागरिकता/नागरिकता प्रतिलिपि सिफारिस गर्दा पुरा विवरणहरु प्राप्त नभई सेवाग्राहीलाई दोहोरो झञ्झट हुने भएकोले निम्न बुंदाहरुमा उल्लेख भएका कुराहरुलाई ध्यान दिई सिफारिस गर्नुहुन अनुरोध छ ।

१. नागरिकता बनाउन जांदा अनुसूची साथ पेश गरिएका कागजातहरुको सबै सक्कल कागज साथमा लिई पठाउनुहुन र सनाखत गर्ने ३ पुस्ता भित्रको नाता खुल्ने गरी व्यक्ति सक्कल नागरिकता लिई संगै पठाउनु हुन ।
२. अविवाहित अवस्थामा लिएको नागरिकताको प्रतिलिपि माग गर्दा नागरिकता प्रमाणपत्र लिए पछि विवाह भएको भए पतिको नाम थर, ठेगाना राखि नागरिकता बनाउन सुझाव दिनुहुन र पतिको स्थायी ठेगानाबाट सिफारिस गरि पठाउनु हुन ।
३. प्रतिलिपि नागरिकताको सिफारिस माग गर्न जांदा जिल्ला प्रशासन कार्यालयमा अभिलेख ल्याउन पठाउने गरिएको पाइएकोले सो नगरी सम्भव भए सम्मका विवरण र सक्कल कागजात राखि सिफारिस गरी पठाउनु हुन अनुरोध छ ।
४. प्रतिलिपि नागरिकता सिफारिस गरी पठाउंदा कम्तीमा २ प्रति फोटो अनुसूचीमा जस्तै साथमा लिई पठाउनु हुन र साविक नागरिकता लिंदाको गा.वि.स./न.पा. कै विवरणहरु पुरा भरि पठाउनुहुन/नयाँ नागरिकताको लागि सिफारिस गर्दा हालकै नगरपालिका, गाउंपालिका उल्लेख गर्नुहुन ।
५. वेजिल्लाबाट बसाई सरी यस जिल्लामा आई नागरिकता प्रमाणपत्र प्रतिलिपि माग गर्दा वा पूर्व पतिको नामथर हटाउन पर्ने, दोश्रो पति कायम गर्नु पर्ने, अविवाहित अवस्थामा लिएको नागरिकतामा पतिको नामथर ठेगाना कायम गर्नु पर्ने र दलित भनी राष्ट्रिय दलित आयोगले परिभाषा गरेका जातिहरु थर संशोधन गरी प्रतिलिपि नागरिकता माग गर्दा, कार्यालयको लेटर प्याडमा किटानी साथ स्पष्ट व्यहोरा खुल्ने गरी छुट्टै सिफारिस गरी पठाउनु हुन ।
६. सिफारिस गर्ने व्यक्तिको नामथर, पद, कार्यालयको छाप स्पष्ट बुझिने गरी लगाई पठाई दिनुहुन ।
७. धेरै पुराना नागरिकताहरु कार्यालय प्रति झुत्तो भएको, धमिराले खाएको, द्वन्द्वकालमा आगलागी भै जलेका जस्ता कारणले कार्यालय अभिलेख नपाइएको अवस्थामा नागरिकताको प्रतिलिपि माग गर्दा कार्यालयबाट नयाँ प्रकृयाबाट नयाँ नम्बर कायम गरी नागरिकता दिने भनी निर्णय भएकाहरुलाई नयाँ नागरिकता लिंदाकै प्रक्रिया अपनाई पुराना कागजातहरु संगै राखि पठाउने व्यवस्था हुन ।
८. नागरिकताको सिफारिस गर्दा जन्मको आधारमा नागरिकता प्राप्त गरेका सन्तानको र उमेर नपुगेकाको समेत सिफारिस भै आउने गरेको पाइएकोले नागरिकता ऐन नियम र निर्देशिकाको आधारमा सिफारिस गर्नुहुन समेत अनुरोध छ ।

२०७५।३।११

रामचन्द्र ढकाल
प्रशासकीय अधिकृत

निशुल्क फोन नं,५६५२००१-१६६० . daochitwan@moha.gov.np, daochitwan1@gmail.com daochitwan.moha.gov.np
"निजामति कर्मचारीको प्रतिवद्धताः पारदर्शिता र चुस्तता"

Scanned by CamScanner